KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007 (4th March 1951)

(Mutually affiliated with Indian Medical Association

Member:
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

मिति २०८२/०१/१०

## प्रेस विज्ञप्ति

आज मिति २०८२/०१/१० गते नेपाल चिकित्सक संघको विस्तारित कार्यसमिति र आन्दोलनरत चिकित्सकहरूको छलफल भइ विगत २८ दिनदेखि चिकित्सकहरूको माग सम्बोधन गर्न राज्यले गरेको उदासीनताप्रति नेपाल चिकित्सक संघ स्तब्ध भएको छ। चिकित्सा शिक्षा आयोगको १६औ पूर्ण बैठकको निर्णय कार्यान्वयन नहुनु र चिकित्सा शिक्षा आयोगले शैक्षिक कार्यक्रम अनुसार निजी र सरकारी प्रतिष्ठानहरूमा एकैचोटी म्याचिङ प्रक्रिया नगराएकोले यो स्थिति आएको संघको ठहर छ।

हामीले पटकपटक समाधानको पहल गरेको र मिति २०८१/१२/३१ गते ७२ घण्टे अल्टिमेटम दिँदा पनि राज्यले ठोस कदम नचालेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

चिकित्सा शिक्षा आयोगको १८औ बैठकको कार्यदलको बैठकमा १६औं बैठकको निर्णय कार्यान्वयन र आन्दोलनरत चिकित्सकहरूलाई ससम्मान काममा बोलाउनुपर्ने अडान राख्दा पनि हालसम्म सरकारद्वारा कुनै पनि पहलकदमी नहुनु दुखदायी छ।

समस्याको समाधान गर्न जिम्मेवार हुनुपर्ने भन्दा यस संस्थाका पदाधिकारी र संस्थालाई तुच्छ शब्द प्रयोग गरी कपोकल्पित आरोप लगाई भ्रम छर्ने काम गर्ने एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेजका पदाधिकारीको कार्यको घोर भत्सर्ना गर्दछौं। साथै आरोप पुष्टि गर्न पनि खुल्ला चुनौती दिन चाहन्छौं।

आन्दोलनको कार्यक्रमलाई थप सशक्त बनाउनुपर्ने आवश्यकतालाई महसुस गरी निजी मेडिकल कलेजमा काम गर्ने सम्पूर्ण चिकित्सकहरुलाई आफ्नो आकस्मिक तथा सघन उपचार सेवा बाहेक सम्पूर्ण काम छोडि संघर्षमा आउन आह्वान गर्दछौं।

Phone No.: +977-1-5325860, 5331825, Fax No.: +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org,np

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association
Founded: 20 Falgun 2007 (4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

Member:
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

देशभरका सम्पूर्ण चिकित्सकहरूलाई मिति २०८२/०१/११ गते बिहान १० देखि १२ बजेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा घेराउ गर्न र उपत्यका भित्रका सम्पूर्ण चिकित्सकहरुलाई माइतीघरमा उपस्थित भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय घेराउ गर्न आहवान गर्दछौँ ।

साथै २४ घण्टाभित्र हाम्रा माग सम्बोधन नभएमा २०८२/०१/१२ गते देशभरिका आकस्मिक तथा सघन उपचार सेवा बाहेक सम्पूर्ण स्वास्थ्य सेवा ठप्प पार्न बाध्य हुने कुरा यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछौं।

चिकित्सकहरुको आत्मसम्मानको यस आन्दोलनलाई सफल पार्न देशभरिका सम्पूर्ण नागरिक, नागरिक समाज, पेशागत संघ सङ्गठन, विभिन्न मेडिकल सोसाइटीहरु, बुद्धिजिवी, पत्रकार लगायत सम्पूर्णमा नेपाल चिकित्सक संघ हार्दिक आग्रह गर्दछ।

यसबाट सर्वसाधरणमा पर्न जाने असुविधाप्रति नेपाल चिकित्सक संघ क्षमा माग्दै सोको जिम्मेवारी स्वयं सरकारले लिनुपर्ने कुरा जानकारी गराउन चाहन्छौं।

भवदिय,

डा अनिल बिक्रम कार्की
अध्यक्ष